# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, असोज ४ गते २०५० साल ( अतिरिक्ताङ्क ३४ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जनवादी गणतन्त्र चीनको राजकीय भ्रमणमा सवारी होइबक्सनु अघि २०५० साल असोज ४ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका राष्ट्रपति महामहिम च्याङ चमिनको निमन्त्रणामा चीनको सप्ताहव्यापी राजकीय भ्रमणको लागि आज हामी पेचिंगतर्फ जाँदैछौं ।

यस भ्रमणबाट हामीलाई चिनिया नेताहरूसँग विचारको आदान-प्रदान गर्ने र हालैका वर्षहरूमा चीनले हासिल गरेको उपलब्धीबारे जानकारी लिने अवसर प्राप्त हुनेछ भन्ने आशा छ । नेपाल र चीनबीच रहिआएको परंपरागत मित्रतालाई अझ सुदृढ पार्नमा यस भ्रमणले योगदान पुऱ्याउने छ भन्ने हामीले विश्वास गरेका छौं ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यकालागि हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । आशा छ, सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गरी नै रहनेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४३०